

# अध्याय -3

## दशांसको सम्झौता

**मूल पदहरू:** उत्पत्ति १४:१८-२०; मलाकी ३:१०;
व्यवस्था १२:५-१४; लेबी २७:३०;
१ राजा १७:९-१६ र १ कोरन्थी ४:१,२।



***<u>यस अध्यायको मूल सार पद:</u>*** *"सम्पूर्ण दशांश ढुकुटीमा ल्याओ, ताकि मेरो घरमा भोजन रहोस्। यसमा मलाई जाँचेर हेर," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ, "म स्वर्गका ढोकाहरू उघारेर पर्याप्त ठाउँ पनि नहुनेसम्मका आशिष् तिमीहरूमाथि बर्साउँछु वा बर्साउँदिनँ," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ।" मलाकी ३:१०-११।*

सोडोममा आक्रमण गरेर बन्दक बनाइराखेका आफ्नो भतिजा लोत र उनका परिवारसमेत र अरू युद्धबन्दीहरूलाई अब्रामले सफलतापूर्वक छुटाएर ल्याएको कथा उत्पत्ति १४मा पाइन्छ। अब्रामको उद्धारीय कार्यदेखि सोडोमको राजा आभारित भएर युद्धमा लुटेका सबै सामानहरू उनैलाई दिन प्रस्ताव गरेका थिए। अब्रामले ती सामानहरू लिन अस्वीकार गरे र आफूसँग भएको सबै धनसम्पत्तिको दशांस मल्किजेडकलाई दिएका थिए।

अब्रामले दशांस दिएको लगत्तै परमेश्वरले उनलाई यो वचन सुनाउनुभयो, "अब्राम, तिमी नडराऊ। तिम्रो ढाल म नै हुँ,
र तिम्रो इनाम अत्यन्त ठूलो हुनेछ।" उत्पत्ति १५:१। स्पष्टरूपमा भन्नुपर्दा परमेश्वरले अब्रामलाई यो भनिरहनुभएको थियो, "चिन्ता नगर। तिमीलाई म

सुरक्षा गर्छु र तिम्रो प्रवन्धक म नै हुनेछु।" अनि, धेरै वर्षपछि मोशाले इस्राएलीहरू कनानमा जानुभन्दा पहिले यो भनेका थिए, "हरेक साल खेतमा उम्रने उब्जनीबाट तिमीहरूले दशांश अलग राख्न नभुल्नू। जुन स्थानमा परमप्रभु तिमीहरूका परमेश्वरले आफ्नो नाउँको वासस्थानको निम्ति छान्नुहुन्छ, त्यहीँ आफ्ना अन्न, दाखरस र तेलको दशांश र आफ्ना गाईबस्तु र भेड़ाबाख्राका पहिले जन्मेका बच्चा उहाँको सामुन्ने खानू। यसरी नै तिमीहरूले परमप्रभु तिमीहरूका परमेश्वरको भय सधैं मान्न सिक्नेछौ।" व्यवस्था १४:२२-२३।

एलेन जी ह्वाइटले लेख्नुभएको छः "परमेश्वरले मोशाद्वारा निश्चित विधिविधानहरू दिनुभन्दा अघि मानिसहरूले परमेश्वरको निम्ति उपहारहरू धार्मिक प्रयोजनको निम्ति दिनु पर्दथ्यो। त्यो चलन आदमको पालादेखि नै थियो।" *टेस्टिमोनिज फर द चर्च,* ठेली ३, पृ. ३९३बाट रूपान्तरित।

त्यो सबैको अर्थ आज हाम्रो निम्ति के छ?

## १ दशांस भनेको दश भागको एक भाग हो

शब्दकोषको अनुसार **दशांस** "केही कुरा को दशौं भाग" वा "दश प्रतिसत।" यो परिभाषा बाइबलमा वर्णन गरेको अनुसार लिएको हुनुपर्दछ। दशांस भनेको हाम्रो आयआर्जनको दशौं भाग वा हामीमा बढेको सम्पत्तिको दश भागको एक भाग परमेश्वरलाई चढाउनु हो। हामीसँग भएका यावत थोकहरू पहिला त उहाँकै हो भनेर हामी बुझ्दछौं। सिनै पहाडमा दिइएको दशांसाको विधिले दशांस पवित्र र परमेश्वरको हो भनेर देखाएको थियो (हेर्नुहोस् लेबी २७:३०,३२)। परमेश्वरले केवल उहाँको दश प्रतिसतमात्र माग्नुभएको छ। प्रभुप्रति आभारित भएर दिने भेटीहरू फरक छन्। यो दशांसको थप हो। हामी येशूका भक्त हौं र बप्तिस्माको बेलामा खाएको सपथलाई कायम राखेका छौं भनेर प्रतिवद्धता जनाउने सानो भाग नै दशांस हो। दशको एक भाग भन्दा कम हो भनेर परमेश्वरले बाइबलमा कतै लेखिएको छैन।

**कतिपय इसाईहरूले पुरानो करारप्रति पूर्वाग्रह राखी दशांस समेत परमेश्वरका कतिपय आदेश तथा नीतिहरू केवल यहूदीहरूलाईमात्र हो, त्यो पनि सिनै पहाडमा मोशाले दिएकोबेला देखि नै हो भनेर सिकाउँदछन्। (तर इसाई अगुवा पास्टरहरूले आफ्ना विश्वासीहरूलाई दशांस दिनुपर्छ भनेर त सिकाउँछननै)।दशांसको मामिलामा त्यो भन्दा अघि नै जारी थियो भनेर देहायका**

पदहरूले कसरी देखाउँछन्? अर्थात् मल्कीसेदकलाई अब्रामले भेटेपछि उनले के गरे? हेर्नुहोस्, "अनि शालेम अर्थात् यरुशलेमका राजा मल्कीसेदेक रोटी र दाखरस लिएर अब्रामकहाँ आए। उनी सर्वोच्च परमेश्वरका पूजाहारी थिए। उनले अब्रामलाई यसो भनेर आशीर्वाद दिए, "स्वर्ग र पृथ्वी सृष्टि गर्नुहुने सर्वोच्च परमेश्वरबाट अब्रामलाई आशिष् मिलोस्। सर्वोच्च परमेश्वर धन्यका होऊन्, जसले तिम्रा शत्रुहरूलाई तिम्रा हातमा सुम्पिदिनुभयो।" अनि अब्रामले उनलाई सबै कुराको दशांश दिए।" उत्पत्ति १४:१८-२० र "यिनै मल्कीसेदेक शालेमका राजा र सर्वोच्च परमेश्वरका पूजाहारी थिए। राजाहरूलाई परास्त गरेर फर्कंदा यिनले अब्राहामलाई भेटे, र तिनलाई आशीर्वाद दिए। यिनैलाई अब्राहामले सबै थोकको दशांश छुट्ट्याइदिए। यिनको नाउँको अर्थअनुसार यिनी पहिले धार्मिकताका राजा र त्यसपछि चाहिँ शालेमका राजा हुन्, अर्थात् शान्तिका राजा। विनापिता, विनामाता, विनावंशावली, जीवनको आदि र अन्त्य नभएका, तर परमेश्वरका पुत्र स्वरूप, यिनी सदाकाल पूजाहारी भइरहन्छन्।

अब विचार गर त, यिनी कस्ता महान् पुरुष थिए, जसलाई अब्राहाम कुलपिताले पनि विजयमा हासिल गरेका थोकहरूको दशांश दिए? पूजाहारी पदमा नियुक्त भएका लेवी वंशका मानिसहरूले आफ्नै दाजुभाइहरूबाट दशांश लिने आज्ञा व्यवस्थाबमोजिम पाएका थिए, यद्यपि तिनीहरू पनि अब्राहामकै सन्तान थिए। तर लेवीका वंशावलीमा नपर्ने यिनै मानिसले अब्राहामबाट दशांश लिएका हुन्, र प्रतिज्ञाहरू पाउनेलाई नै यिनले आशीर्वाद दिएका हुन्। यसमा विवाद गर्ने केही कुरै छैन, कि सानाले ठूलाबाट आशीर्वाद पाउँछ। एकातिर मरणशील मानिसहरूले दशांश लिन्छन्, अर्कोतिर सदाकाल जीवित रहन्छन् भनी घोषणा गरिएका उनै एक जनाले सो लिन्छन्। कसैले यो पनि भन्न सक्छ, कि दशांश पाउने लेवीले पनि अब्राहामद्वारा नै दशांश दिए। किनभने मल्कीसेदेकले अब्राहामलाई भेट्दा लेवी आफ्ना पिताको शरीरभित्रै थिए (अर्थात् लेबी कूल जन्मनुभन्दा पहिले)।" हिब्रू ७:१-१०।

दशांसको बारेमा बाइबलमा पहिले पल्ट उल्लेख गरिएको उत्पत्ति १४मा हो। यहाँ मल्कीसेदेकले अब्रामलाई भेटेको वयान लेखिएको छ। त्यही सन्दर्भलाई उल्लेख गरिएको दशांसको बारेमा अन्तिम उल्लेख पावलले हिब्रू ७:१-१०मा गरेका थिए। यहाँ दशांस वा दश भागको एक भाग भनेर उल्लेख गरिएको छ। न मल्कीसेदेक न येशू ख्रीष्ट हिब्रू कूलका थिए भनेर हिब्रूको पुस्तकमा लेखिएको छ। त्यसको अर्थ लेबीहरू आउनुभन्दा अघि नै दशांस

दिने चलन थियो। अर्थात् इस्राएली जाति वा यहूदी जातिको अस्तित्व हुनुभन्दा अघि नै दशांस दिने चलन थियो। त्यसकारण दशांस केवल यहूदीहरूको मात्र चलन र यो सिनै पहाडदेखि सुरुभएको होइन भनेर हामी ठोकुवा गरेर भन्न सक्दछौं।

उत्पत्ति २८:१३,१४, २०-२२मा याकूबलाई परमेश्वरले दिनुभएको प्रतिज्ञा उल्लेख गरेको छ। त्यसको जवाफमा परमेश्वरलाई के दिने भनेर याकूबले भनेका थिए? हेर्नुहोस्, "१० बेर्शेबा छोड़ेर याकूब हारानतिर लागे। ११ कुनै एउटा ठाउँमा पुगेपछि सूर्य अस्ताएको हुनाले तिनी त्यस रात त्यहीं वास बसे। त्यस ठाउँका ढुङ्गाहरूबाट एउटा लिएर तिनले आफ्नो सिरान बनाएर सुत्नलाई त्यहीं पल्टे। १२ तिनले यस्तो सपना देखे: जमिनमा खड़ा गरिएको एउटा भऱ्याङ रहेछ, र त्यसको टुप्पाचाहिँ आकाशसम्मै पुगेको रहेछ र परमेश्वरका दूतहरू त्यसमा उक्लने र ओर्लने गर्दारहेछन्। १३ परमप्रभु त्यसमाथि उभिनुभयो, र याकूबलाई भन्नुभयो, “म परमप्रभु, तिम्रा पिता अब्राहामका परमेश्वर र इसहाकका परमेश्वर हुँ। जुन भूमिमा तिमी ढल्किरहेका छौ त्यो म तिमीलाई र तिम्रा सन्तानहरूलाई दिनेछु। १४ तिम्रा सन्तान पृथ्वीको धूलोसरह हुनेछन्। पूर्व, पश्चिम, उत्तर र दक्षिणतिर फैलिएर तिमी जानेछौ। तिमी र तिम्रा सन्तानहरूद्वारा नै पृथ्वीका सबै मानिसहरू आशीर्वादी हुनेछन्। १५ हेर, म तँसँग छु र तिमी जहाँसुकै गए तापनि तिमीलाई रक्षा गर्नेछु, र तिमीलाई यस ठाउँमा फर्काएर ल्याउनेछु। मैले तिमीलाई भनेको कुरा पूरा नगरुञ्जेल म तिमीलाई छोड्नेछैनँ।” १६ तब याकूब निद्राबाट ब्यूँझेर भने, “निश्चय नै यस ठाउँमा परमेश्वर हुनुहुँदोरहेछ, र यो मलाई थाहा थिएन।” १७ तिनी साह्रै डराए र तिनले भने, “यो ठाउँ कस्तो भययोग्य रहेछ। यो त परमेश्वरको घरबाहेक अरू केही होइन रहेछ। यो त स्वर्गको ढोका पो रहेछ।” १८ याकूब बिहान सबेरै उठे, र आफूले सिरान बनाएको ढुङ्गा लिएर खामोजस्तै गरी खड़ा गरेर त्यसको टुप्पामा तेल खन्याए। १९ तिनले त्यस ठाउँको नाउँ बेथेल राखे। पहिले त्यस ठाउँको नाउँ लूज थियो। २० तब याकूबले यसो भन्ने भाकल गरे, “यदि परमेश्वर मेरो साथमा रहनुभयो, मेरो यात्रामा मलाई रक्षा गर्नुभयो, मलाई खानलाई रोटी र लाउनलाई वस्त्र दिनुभयो, २१ अनि म कुशलपूर्वक फेरि मेरा बाबुको घरमा आउन पाएँ भने, परमप्रभु नै मेरा परमेश्वर हुनुहुनेछ। २२ र मैले खामो बनाएको यो ढुङ्गाचाहिँ परमेश्वरको घर हुनेछ, र तपाईंले मलाई दिनुभए जति सबैको दशांश म तपाईंलाई अवश्य चढ़ाउनेछु।” उत्पत्ति २८:१०-२२।

आफ्नो दाजुको डरदेखि याकूब घरबाट भागेका थिए। रिसले चुर भएको एसावले उनलाई मार्न निर्णय गरेको थियो। त्यसको फलस्वरूप याकूब आफ्नो घरबाट मामा घरमा सयौं किलोमिटर भाग्दै थिए। एक रात उनी ढुँगाको सिरानी राखेर सुतिरहेको बेलामा उनले दर्शन देखे। त्यस दर्शनमा एउटा लामो भरेङ्ग पृथ्वीदेखि स्वर्गसम्म पुगेको उनले देखेका थिए। त्यस भरेङ्गबाट स्वर्गदूतहरू तलमाथि गर्दै थिए। अनि भरेङ्गको टुपोमा परमेश्वर उभिनु भएको थियो र उहाँले याकूबलाई आफ्नो वाचा सुनाउनुभएको थियो र कुनै दिन उनलाई आफ्नो घरमा फर्काउने वचन दिनुभएको थियो। यो एकल युवा परमेश्वरतिर वास्तविकरूपमा ढल्किनै अनुभव गरेका थिए। तब उनले परमेश्वरप्रति आभारित भएर यो भाकल गरे, "अनि म कुशलपूर्वक फेरि मेरा बाबुको घरमा आउन पाएँ भने, परमप्रभु नै मेरा परमेश्वर हुनुहुनेछ। र मैले खामो बनाएको यो ढुङ्गाचाहिँ परमेश्वरको घर हुनेछ, र तपाईंले मलाई दिनुभए जति सबैको दशांश म तपाईंलाई अवश्य चढ़ाउनेछु।" उत्पत्ति २८:२१-२२।

*साबथ जस्तै दशांस पनि पौराणिक इस्राएलीदेखि सुरु भएको होइन न त यहूदी धार्मिक बिधि नै थियो भन्ने सत्यलाई हामीले बुझ्नु जरुरी छ। यो क्रूसपछि रहेका हामीहरूको निम्ति त्यो सत्यबाट के सन्देश सिक्नपर्दछ?*

## २. परमेश्वरको भन्डार वा ढुकुटी कहाँ छ त?

**मलाकी ३:१० पढ्नुहोस्। यस पदबाट दशांस कहाँ जानुपर्छ भनेर हामीलाई सिकाएको छ? हेर्नुहोस्, "सम्पूर्ण दशांश ढुकुटीमा ल्याओ, ताकि मेरो घरमा भोजन रहोस्। यसमा मलाई जाँचेर हेर," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ, "म स्वर्गका ढोकाहरू उघारेर पर्याप्त ठाउँ पनि नहुनेसम्मका आशिष् तिमीहरूमाथि बर्साउँछु वा बर्साउँदिनँ," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ।" मलाकी ३:१०।**

परमेश्वरको भन्डार वा ढुकुटी यही हो भनेर नतोकिएतापनि परमेश्वरको ढुकुटी कहाँ हो भनेर मानिसहरूलाई थाहा थियो। परमेश्वरको निर्देशनमा "मेरो घरमा भोजन होस्" भनेर उल्लेख गरिएको छ। परमेश्वरको घर भनेको सुरुमा पवित्रस्थान थियो, जुन सिनै पहाडमा मोशालाई दिएको निर्देशन अनुसार बनाइएको थियो। यो ठूलो पाल थियो। पछि जब इस्राएलीहरू प्रतिज्ञा गरिएको देशमा रहेका थिए परमेश्वरको घर पहिला शिलोहमा थियो भने पछि स्थायीरूपमा यरुशलेममा थियो।

व्यवस्था १२:५-१४ पढ्नुहोस्। यहाँ लेखिएका पदहरूले परमेश्वरका जनहरूले प्रभुलाई दिने दशांसलाई आफूखुशी प्रयोग गर्न पाइन्दैन भनेर उल्लेख गरिएको छ। यहाँ उल्लेख गरिएका नीतिहरूबाट अहिले पनि हामी के सिक्न सक्दछौं? हेर्नुहोस्, "४ तिमीहरूले परमप्रभु तिमीहरूका परमेश्वरको आराधना उनीहरूको (मूर्तिपूजकहरूको) पाराले नगर्नू। ५ जुन ठाउँ परमप्रभु तिमीहरूका परमेश्वरले आफ्नो नाउँ राख्न र स्वयम् वास गर्नलाई तिमीहरूका सबै कुलबाट छान्नुहुन्छ, त्यही ठाउँ तिमीहरूले खोज्नू। त्यही ठाउँमा तिमीहरू जाने गर्नू। ६ त्यहीं नै तिमीहरूले आफ्ना होमबलि, बलिदान, दशांश र विशेष भेटी, भाकल बलि, स्वेच्छा बलि, र गाईबस्तु र भेड़ाबाख्राका पहिले जन्मेका पशु ल्याउने गर्नू। ७ त्यहीं नै तिमीहरू र तिमीहरूका परिवारहरूले परमप्रभु आफ्ना परमेश्वरको सामुन्ने खानपान गर्नेछौ र तिमीहरूले गर्ने सबै काममा आनन्द मनाउनेछौ, कारण परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई आशिष् दिनुभएको छ।

८ आज हामी प्रत्येकले आफ्नो दृष्टिमा ठीक ठहरेको कुरा गरेझैं तिमीहरूले नगर्नू, ९ किनकि जुन विश्रामस्थान र उत्तराधिकार परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई दिन लाग्नुभएको छ, त्यहाँ तिमीहरू अझ आइपुगेका छैनौ। १० तर यर्दन पारि परमप्रभु तिमीहरूका परमेश्वरले दिनुहुने देश अधिकार गरेर त्यहाँ बसोबास गर्छौ, अनि उहाँले तिमीहरूलाई सुरक्षित राखेर चारैतिरका शत्रुहरूदेखि तिमीहरूलाई विश्राम दिनुहुनेछ। ११ तब परमप्रभु तिमीहरूका परमेश्वरले आफ्नो नाउँ राख्नलाई छान्नुभएको ठाउँमा मैले तिमीहरूलाई आदेश दिएका तिमीहरूका होमबलि, बलिदानहरू, तिमीहरूका दशांश, विशेष भेटीहरू र तिमीहरूले आफ्ना परमप्रभुको निम्ति भाकल गरेका असल-असल थोकहरू ल्याउनू। १२ अनि तिमीहरू, तिमीहरूका छोराछोरीहरू, कमारा-कमारीहरू र तिमीहरूका सहरमा भएका लेवीहरूले, जसको आफ्नो निजी हिस्सा वा अंश छैन, परमप्रभु तिमीहरूका परमेश्वरको सामु आनन्द मनाउनू। १३ होशियार बस। तिमीहरूले आफ्नो होमबलि तिमीहरूले देखेको जुनसुकै ठाउँमा नचढ़ाउनू।१४ तर परमप्रभुले तिमीहरूका कुलबाट छान्नुभएको ठाउँमा मात्रै चढ़ाउनू, र मैले आदेश दिएका सबै काम पनि त्यहीं गर्नू।" व्यवस्था १२:४-१४।

हामी सबै जना परमेश्वरको परिवारका सदस्यहरू भएको हैशियतले हाम्रो दशांसलाई उहाँकै इच्छा अनुसार प्रयोग गर्न हामी बुझ्न चाहन्छौं। परमेश्वरका जनहरू वर्षको तीन पल्ट यरुशलेममा गएर तिनीहरूको दशांस र

भेटीहरू व्यक्तिगतरूपमै चढाउँदै उहाँको स्तुति र आराधना गर्नुपरेको थियो भनेर बाइबलमा वर्णन गरिएको छ। ती तीन पर्वहरू निस्तार चाड, पेन्टिकोस्ट र छाप्रोबासको चाड (प्रस्थान २३:१४-१७) थिए। अनि लेबीहरूले ती दशांस र भेटीहरू इस्राएलभरी परमेश्वरको काममा खटिएका लेबीहरूका परिवारहरूलाई बाँड्थे (२ इतिहास ३१:११-२१, नेहमिया १२:४४-४७, नेहमिया १३:८-१४)। त्यही बाइबलको केन्द्रिय ढुकुटीको चलनको नीतिसँग तालमेल गरेर सेभेन्थ-डे एडभेन्टिस्ट चर्चले पनि स्थानीय कन्फरेन्स, मिसनहरू, युनिएन र सेक्सन०का चर्चहरूको ढुकुटीहरूमा दशांस र भेटीहरू जम्मा गर्छन्। त्यहीँबाट परमेश्वरको काममा खटिएका मानिसहरूलाई तलब दिइन्छ। त्यसको लेखाजोखा जनरल कन्फरेन्सको आर्थिक लेखाशाखामा उपलब्ध गराउँछ। जति पनि स्थानीय निकायहरूले आर्थिक कारोबार गर्छ त्यो जनरल कन्फरेन्सको निम्ति गरेको हुन्छ।

चर्चका सदस्यहरूको सुविधाको निम्ति तिनीहरूले आफ्नो दशांस स्थानीय चर्चमा ल्याउँदछन्। त्यो विधि आराधनाको एक भाग हो। विश्वासीहरूले दशांस र भेटीहरू ल्याएर परमेश्वरको उपासना गर्दछन्। स्थानीय चर्चका खजाञ्चीले ती दशांस र भेटी कन्फरेन्स वा सेक्सनको ढुकुटीमा बुझाउँछ। बाइबलमा लेखिएका परमेश्वरकै नीति अनुसार दशांस र भेटीहरूलाई व्यवस्थापन गरेकोले सेभेन्थ-डे एडभेन्टिस्टले विश्वव्यापीरूपमा परमेश्वरको काममा प्रगति गर्न सकेका छन्।

*यदि चर्चका प्रत्येक सदस्यले चर्चलाई वेवास्ता गरेर आफू खुशी दशांस दिन थाल्यो भने चर्चलाई के हुन्थ्यो होला, सोच्नुहोस् । दशांस भनेको चर्चका अगुवाहरूलाई हेरेर होइन परमेश्वरको वचनलाई पालन गरेर चर्चमा दिने हो । दशांसलाई आफूखुशी प्रयोग गर्नु परमेश्वरको वचनको विपरित किन हुन्छ?*

## ३ दशांसको उद्देश्य

**परमेश्वरले नै दशांसको उद्देश्य के हो भनेर देहायका पदहरूले कसरी बताउँछन्? हेर्नुहोस्, " 'रूखहरूका फल वा जमिनका बीउको होस्, भूमिका उब्जनीको दशांश परमप्रभुकै हो, र ती परमप्रभुको निम्ति पवित्र हुन्।" लेवीहरू २७:३० र "२० परमप्रभुले हारूनलाई भन्नुभयो, "तिनीहरूका (सर्वसाधारण इस्राएलीहरू) देशको जग्गाजमिनमा तिम्रो अंश-अधिकार हुनेछैन। तिनीहरूसँगसँगै तिम्रो कुनै हिस्सा हुनेछैन। इस्राएलीहरूका माझमा तिम्रो हिस्सा**

र तिम्रो अंश म नै हुँ। २१ "लेवीहरूलाई चाहिँ भेट हुने पालमा सेवा गर्नका
निम्ति तिनीहरूको अंश स्वरूप मैले इस्राएलीहरूका सबै दशांश दिएको छु।
२२ अब उप्रान्त इस्राएलीहरू भेट हुने पालको नजिक नआऊन्, नत्रता आफ्ना
पापहरूको कारण तिनीहरू मर्नेछन्। २३ तर भेट हुने पालको सेवाचाहिँ
लेवीहरूले गरून्, र तिनीहरू नै त्यसको विरुद्धमा गरिएका अपराधहरूको
उत्तरदायी हुनेछन्। त्यो तिमीहरूका पुस्तौंसम्म अनन्त को विधि होस्।
इस्राएलीहरूका बीचमा चाहिँ यिनीहरूको कुनै अंश-अधिकार हुनेछैन। २४
किनकि इस्राएलीहरूले बलिको निम्ति परमप्रभुलाई चढ़ाएका दशांश नै मैले
लेवीहरूलाई अंश-अधिकार स्वरूप दिएको छु। यसैले 'इस्राएलीहरूसँग
यिनीहरूको कुनै अंश-अधिकार हुँदैन' भनी मैले यिनीहरूका विषयमा भनेको छु।"
२५ अनि परमप्रभुले मोशालाई भन्नुभयो, २६ "लेवीहरूलाई भन्: 'मैले
तिमीहरूका अंश-अधिकारको निम्ति दिएका इस्राएलीहरूका दशांश जब तिमीहरू
लिनेछौ, तब त्यसबाट तिमीहरूले परमप्रभुलाई त्यसको पनि दशांश भेटी लिएर
बलि चढ़ाउनू। २७ तिमीहरूको बलि खलाका अन्न र कोलबाट निस्केको
दाखरसझैं गनिनेछ। २८ यसरी इस्राएलीहरूबाट पाएका सबै दशांशबाट
तिमीहरूले पनि परमप्रभुलाई बलि चढ़ाउने गर्नू, र त्यसबाट परमप्रभुलाई
चढ़ाइएको बलि पूजाहारी हारूनलाई दिनू। २९ तिमीहरूले पाएकाबाट सबैभन्दा
असल र पवित्र भागचाहिँ बलि स्वरूप परमप्रभुलाई चढ़ाउनू'। गन्ती १८:२०-
२९।

प्रत्येक थोकको मालिक परमेश्वर हुनुभएकोले (भजन २४:१) उहाँलाई हाम्रो पैसा वा कुनै थोकको आवश्यक छैन। तर दशांस उहाँको निजी धन भएकोले त्यसलाई हामीले के गर्नुपर्छ भनेर उहाँले नै निर्धारण गर्नुभएको छ। वर्तमान परिप्रेक्ष्यमा वा येशूको मृत्यभएपछि पवित्रस्थानमा सेवाकार्य स्थगित भएको सन्दर्भमा दशांसलाई सुसमाचारी सेवाकार्यलाई सहयोग गर्न चलाइन्छ। जसरी पौराणिक कालमा लेबी र पूजारीहरूको आवश्यकता इस्राएलीहरूले ल्याउने दशांसले पुऱ्याउँथ्यो, त्यसरी नै चर्चका पास्टर र अगुवाहरूको आवश्यकतालाई पूरा गर्न दशांस प्रयोग गरिन्छ।

पुरानो करारमा लेबीको कुल पास्टरीय कामको दल थिए। जब इस्राएलीहरूलाई देश र जमिन बाँडफाँड गरिएको थियो तब अरू कुलहरूको अनुपातमा लेबी कुललाई थोरैमात्र दिएको थियो। लेबीलाई केही सहरहरू दिएका थिए। ती सहरहरूमा आश्रय लिन जाने सहरहरू पनि थिए। ती

सहरहरूको वरिपरि लेबीहरूले गर्ने व्यक्तिगत खेतीपातीको निम्ति पर्याप्त जमिन थियो। तर अधिकाँशरूपमा तिनीहरूको जीवन धान्न अरुहरूको दशांसलाई प्रयोग गर्दथे। तिनीहरूको आफ्नै आम्दानीबाट पनि दशांस दिन्थे।

**प्रेरित २०:३५ पढ्नुहोस्। यसमा के सन्देश छ र दशांसको मामिलामा यहाँ के आभास् दिइएको छ? हेर्नुहोस्, "तपाईंहरू आफै जान्नुहुन्छ कि मेरा यिनै हातले मेरो आफ्नै र मेरा साथमा भएकाहरूको आवश्यकतालाई पूरा गरेका छन्। मैले सबै कुरामा तपाईंहरूलाई उदाहरण दिएको छु, कि तपाईंहरूले पनि यसरी नै कड़ा परिश्रम गरेर निर्धाहरूलाई मदत गर्नुपर्छ। प्रभु येशूको वचन याद राख्नुहोस्, कसरी उहाँ आफैले भन्नुभएको छ, कि 'लिनुभन्दा दिनु अझ धन्य हो।'" प्रेरित २०:३४-३५।**

दशांस दिने चलन धेरै महत्त्वपूर्ण छ किनकि यसले हामीलाई परमेश्वरमाथि विश्वास र भरोसाको सम्बन्ध स्थापना गर्न सहयोग गर्दछ। तपाईंको आयआर्जनको दश भागको एक भाग दिनु (यथार्थमा परमेश्वरको नै हो) वास्तविकरूपमा विश्वासको कदम हो। तपाईंको विश्वासलाई सक्रिय बनाउनुभयो भनेमात्रै परमेश्वरप्रति तपाईंको आस्था बढ्दछ।

युगको अन्तको समयहरूको बारेमा सोच्नुहोस्। त्यसबेला परमेश्वरप्रतिको निष्ठामा अडिग हुनेहरूले किनबेच गर्न सक्दैन भनेर प्रकाश १३-१४मा भविष्यवाणी गरिएको छ (यसको बारेमा अध्याय ११मा छलफल गरिएको छ)। सारा संसारनै हाम्रो खिलाफमा उभिएको बेलामा परमेश्वरमाथि भरोसा, उहाँको हेरचाह, उहाँको शक्ति र प्रेम नै हाम्रो निम्ति सर्वोपरी हुन जान्छ। यदि जीवन सहज भएको बेलामा इमान्दारीतासाथ दशांस दिँदा असहज परिस्थितिमा पनि परमेश्वरमाथि बलियो भरोसा राख्न सघाउँछ। असहज परिस्थिति आउनुभन्दा अघि नै हामी सबैले परमेश्वरमाथि पूरा विश्वास राख्न सिक्नु निर्णायक कदम हो भनेर प्रतिवद्धता जनाउन आवश्यक छ।

परमेश्वरसँग पैसाको कारोबारमा पारदर्शिकता अपनाउनुको अर्थ उहाँले प्रतिज्ञा गर्नुभएका आशिषहरूका प्रतिज्ञालाई हाम्रो जीवनमा उतार्न दिनु हो। हामीले परमेश्वरलाई दिने दशांसको सम्झौतामा परमेश्वरले यदि धेरै आशिषहरू दिन्छु भन्नुभएको छ कि हाम्रो ढुकुटीमा राख्ने ठाउँ पनि हुनेछैन भनेर उहाँले जिकिर गर्नुभएको छ। जब हामीलाई चाहिने भन्दा बढि आशिषहरू हामीले पाउँछौं तब त्यसले अरूहरूलाई सहायता गर्न सक्नेहुनछौं साथै हाम्रा भेटीहरूद्वारा परमेश्वरको कामलाई साथ दिन सक्ने हुन्छौं।

*"लिनुभन्दा दिनु बढि आशिष हुन्छ" भन्ने महान् सत्य के तपाईंले अनुभव गर्नुभएको छ?*

## ४. हाम्रो पूरा आम्दानीबाट वा लगानी गर्दा आएको फाइदाबाट दिने दशांस

हाम्रो तलब वा आमदानी वा फाइदाबाट दशांस तिर्छौं। हाम्रो कुनै जागिर नहोला वा आफ्नै आयस्रोत होला। धेरै देशहरूमा कर्मचारीहरूको तलबबाट कर कटौति गर्छ। सरकारले जनताको सेवा गरेको वापतमा त्यो कर लिइन्छ। ती सेवाहरूमा सुरक्षा, बाटोघाटो र पुलहरू बनाउन, बेरोजगारहरूलाई सहयोग गर्न आदि। दशांस दिंदा जम्माजम्मी वा कर तिर्नुभन्दा अगाडिको तलब वा आयआम्दानीबाट दिने हो कि वा कर तिरेपछि हातमा आएको पैसाबाट तिर्ने भन्ने प्रश्न धेरैको निम्ति कौतूहल हुनसक्छ। जो मानिसको आफ्नै आयस्रोत वा व्यापार छ त्यसले सरकारलाई कर तिर्नुभन्दा अघि भएको फाइदाबाट कर तिर्नु वैधानिक हुन्छ। आफ्नो लगानीलाई कताएर आम्दानी भएकोबाट सरकारलाई कर तिर्नुभन्दा अघि दशांस छुट्याउनु मनाशिव हो।

खोजअनसुन्धानमा यो पाइएको छ कि सेभेन्थ-डे एडभेन्टिस्टले दिने दशांसमा सरकारलाई तिर्ने करभन्दा अघि नै समुच्चको आयबाट दिएको पाइएको छ।

**१ राजा १७:९-१६ पढ्नुहोस्। यहाँ एलियालाई भेट्नुभन्दा पहिले एक जना विधवाको स्थिति कस्तो थियो भन्ने बारेमा लेखिएको छ। आफ्नो र छोराको छाक तार्नुभन्दा अघि उनलाई अगमवक्ताले के गर भनेर अऱ्हाएका थिए? हामीले सोचिरहेको प्रश्नको मामिलामा त्यस कथाबाट हामी के सिक्नसक्छौं? हेर्नुहोस्, "७ केही समयपछि देशमा पानी नपरेकोले त्यो खोलाको पानी सुक्यो। ८ तब परमप्रभुको यो वचन तिनीकहाँ आयोः ९ "अब झट्टै सीदोनका सारपतमा गएर त्यहाँ बस्। तिमीलाई खुवाउन मैले त्यस ठाउँमा एउटा विधवालाई आज्ञा गरेको छु।" १० यसैले तिनी सारपतमा गए। जब तिनी सारपतको मूल ढोकामा आइपुगे, तब तिनले एउटी विधवालाई दाउरा बटुलिरहेकी देखे। तिनले अनुरोध गर्दै उनलाई भने, "कृपा गरी एउटा लोहोटामा मलाई अलिकता पानी पिउनलाई ल्याइदेऊ।" ११ त्यो विधवा पानी ल्याउनलाई जाँदाजाँदै तिनले फेरि उनलाई भने, "कृपा गरी एक टुक्रा रोटी मलाई ल्याइदेऊ।" १२ त्यस विधवाले जवाफ दिई "जीवित परमप्रभु तपाईंका परमेश्वरको नाउँमा शपथ खाएर म भन्छु, कि**

**भाँड़ामा एक मुट्ठी पीठो र ढुङ्ग्रोमा अलिकता तेलबाहेक मसित केही रोटी छैन। म आफै र मेरो छोराको निम्ति खानेकुरा बनाएर खाई मर्नलाई घरमा केही झिँजामिजा लानलाई खोज्दैछु।" १३ एलियाले त्यसलाई भने, "नडराऊ, घर गएर तिमीले भनेझैं गर। तर पहिले तिमीसित जे छ त्यसको एउटा सानो रोटी बनाएर मकहाँ ल्याऊ, र त्यसपछि तिमी र तिम्रो छोराको निम्ति केही बनाऊ। १४ किनकि परमप्रभु इस्राएलका परमेश्वर यसो भन्नुहुन्छः 'देशमा परमप्रभुले पानी नपठाउञ्जेल भाँड़ाको पीठो सिद्धिनेछैन र ढुङ्ग्रोको तेल रित्तिनेछैन'।" १५ त्यो विधवा गएर एलियाले भनेझैं गरी। यसैले एलियाको निम्ति र त्यो र त्यसका परिवारको निम्ति दिनहुँ खानेकुरा भयो। १६ किनकि एलियाद्वारा परमप्रभुले भन्नुभएझैं भाँड़ाको पीठो सिद्धिएन, र ढुङ्ग्रोको तेल पनि रित्तिएन।" १ राजाहरू १७:७-१६।**

परमेश्वरले सारपातकी विधुवालाई आफ्नो मानिस उनकहाँ आउँदैछन् भनेर परमेश्वरले सुनाउनुभएको थियो (१ राजा १७:९)। जब एलिया आए तब उनले आफ्नो विपद परिस्थितिहरूको बारेमा सुनाइन्। एलियाले पहिले उनीसँग पानी खान मागे र थप्दै भने, "नडराऊ, घर गएर तिमीले भनेझैं गर। तर पहिले तिमीसित जे छ त्यसको एउटा सानो रोटी बनाएर मकहाँ ल्याऊ, र त्यसपछि तिमी र तिम्रो छोराको निम्ति केही बनाऊ। किनकि परमप्रभु इस्राएलका परमेश्वर यसो भन्नुहुन्छः 'देशमा परमप्रभुले पानी नपठाउञ्जेल भाँड़ाको पीठो सिद्धिनेछैन र ढुङ्ग्रोको तेल रित्तिनेछैन'।" १ राजाहरू १७:१३-१४।

के एलिया आफ्नो तर्फबाट स्वार्थी भएका थिए कि उनको विश्वासलाई जाँचीरहेका थिए, अर्थात् के एलियाले उनमा भएको विश्वासलाई जाँचीरहेका थिए कि? त्यसको जवाफ त्यहाँ के भयो त्यसले नै बताउँछ।

हामीले बुझ्नुपर्ने कुरो के छ भने विश्वासलाई कसरी अघि बढाउने त्यो हामी आफैले निर्णय गर्नुपर्छ। हामीले के गर्नुपर्छ वा पर्दैन वा के ठिक छ भनेर चर्चले विशेष आदेश दिँदैन। अन्तमा आएर हाम्रो निर्णय हामीले नै गर्नु आवश्यक छ। हामीले जे गरेतापनि हामीले भन्दा फरक व्यवहार गर्नेप्रति मूल्याङ्कन वा न्याय गर्नुहुन्न। हामी प्रत्येकले व्यक्तिगततवरले परमेश्वरसँग जवाफदेही हुनुपर्दछ। हाम्रो निर्णयबारे न्याय वा मूल्याङ्कन गर्ने अधिकार केवल परमेश्वरमामात्र छ। "आफूले जे गर्छ त्यसको परिणाम के हुन्छ त्यसको अनुमान गर्ने प्रत्येक व्यक्तिको आफ्नै हातमा छ। आफ्नो हृदययलाई

छाम्ने वा हृदयमा घुमिरहेको लक्ष्य वा नियतको मूल्याङ्कन उसैमा निर्भर गर्दछ।"-एलेन जी ह्वाइट, *टेस्टिमोनिज फर द चर्च,* ठेली ४, पृ. ४६९बाट रूपान्तरित।

*दशांस कहिल्यै नतिर्ने तब त्यसबाट हुने फाइदको बारेमा उसलाई कसरी व्याख्या गर्ने? दशांस दिँदा के के आशिषहरू पाइन्छ र दशांस दिँदा आफ्नो विश्वासलाई कसरी बलियो पार्दछ?*

## ५. इमान्दारी वा विश्वासपूर्वक दिने दशांस

**परमेश्वरका छोराछोरीहरू भएर परमेश्वरका आशिषहरूलाई जतन गर्न जिम्मेवारी हामीलाई सुम्पेको परिप्रक्ष्यमा हामी के हुनुपर्छ भनेर १ कोरन्थी ४:१,२ले बताउँदछ? हेर्नुहोस्, "यसरी मानिसले हामीहरूलाई ख्रीष्टका सेवक र परमेश्वरका रहस्यहरूका भण्डारे ठान्नुपर्दछ। त्यसबाहेक यो आवश्यक छ, कि भण्डारेहरू विश्वासयोग्य ठहरिनुपर्छ।" १ कोरिन्थी ४:१,२।**

दसांस दिनेमा पारदर्शी, इमान्दार र विश्वासीलो हुनुपर्छ भनेको के हो त? दशांसको मामिलामा के के तत्वहरू सामेल भएका छन् भनेर हामीले यस अध्यायमा हेऱ्यौं:

१. हामीले आयआर्जन वा हाम्रो लगानीबाट बढेको आम्दानीको दश प्रतिसत।
२. जहाँ सुसमाचार प्रचार गर्ने पास्टरलाई तलब दिइन्छ त्यहाँको ढुकुटीमा जम्मा गर्ने।
३. हाम्रो आम्दानी वा आयस्रोतको उपलब्धीको पहिलो फल वा अगौटे फल।
४. उचित कामको निम्ति प्रयोग अर्थात् परमेश्वरको सेवाकार्यको निम्ति सहयोग गर्न।

बप्तिस्मामा भाकल गरेको अनुसार माथि उल्लेख गरिएका पहिला तीन बुँदाहरूलाई प्रयोग गरेर चर्चलाई उचाल्ने चर्चको प्रत्येक सदस्यको जिम्मेवारी हो; जब चर्चको ढुकुटीमा पैसा जम्मा हुन्छ तब त्यस ढुकुटीलाई रेखदेख गर्नेको कर्तव्य हो कि जम्मा भएको रकमलाई उचित तवरले प्रयोग गरोस्।

फेरि, दशांस हामीले जहाँ इच्छा गऱ्यो त्यहाँ दिने वा चलाउने हाम्रो अधिकार होइन। दसांस र चर्चको ढुकुटीलाई परिचालन गर्ने हाम्रो जिम्मेवारको भाग हो। त्यहाँ भएका पैसा कसरी खर्च गर्नुपर्छ भनेर हामीले सीमा तोकिने होइन;

तर परमेश्वरले नै तोक्नुहुन्छ। यदि मेरो आम्दानीको दश प्रतिसत परमेश्वरको ढुकुटीमा हामीले फर्काएनौं हामीले दशांस दिएको ठहर्दैन।

**परमेश्वरको ढुकुटीलाई व्यवस्थितरूपमा संचालन गरेको छ कि छैन त्यसको लेखाजोखा वा लेखा परिक्षण कहिले हुन्छ? आर्थिक मामिलामा पारदर्शी, विश्वासीलो, उचित लगानी र इमान्दार भएकाहरूलाई कसरी सराहना गरिएको छ? हेर्नुहोस्: "१४ "किनकि योचाहिँ कुनै मानिसजस्तो हो, जसले परदेश जाँदा आफ्ना कामदारहरूलाई बोलाई आफ्नो धन-सम्पत्ति तिनीहरूलाई जिम्मा दिए। १५ तिनले हरेकलाई तिनीहरूका आ-आफ्नो योग्यताअनुसार एउटालाई पाँच सुनका सिक्का, अर्कालाई दुई र अर्कालाई एक दिएर तिनी गइहाले। १६ तब पाँच सुनका सिक्का पाउनेले तुरुन्तै गएर त्यो व्यापारमा लगाईकन अरू पाँच सिक्का कमायो। १७ त्यसरी नै दुई सिक्का पाउनेले पनि अरू दुई कमायो। १८ तर एक सिक्का पाउनेले चाहिँ गएर भूइँ खनेर आफ्ना मालिकको धन लुकाइराख्यो। १९ "धेरै दिनपछि ती नोकरहरूका मालिक आए, र तिनले तिनीहरूसँग हिसाब मागे। २० तब पाँच सुनका सिक्का पाउने नोकरले अरू पाँच सिक्का ल्याई अगाडि आएर यसो भन्यो, 'हजूर, तपाईंले मलाई पाँच सिक्काको जिम्मा दिनुभएको थियो। हेर्नुहोस्, मैले अरू पाँच सिक्का कमाएको छु।' २१ "मालिकले त्यसलाई भने, 'स्याबास, असल र विश्वासी सेवक! तिमी थोरै कुरामा विश्वासी भयौ, अब म तिमीलाई धेरै कुराको जिम्मा दिनेछु। तिमी आफ्ना मालिकको खुशीमा सहभागी हो।' २२ "दुई सिक्का पाउनेले पनि आएर भन्यो, 'हजूर, तपाईंले मलाई दुई सिक्का दिनुभएको थियो। हेर्नुहोस्, मैले अरू दुई सिक्का कमाएको छु।' २३ "त्यसका मालिकले त्यसलाई भने, 'स्याबास, असल र विश्वासी सेवक, तिमी थोरै कुरामा विश्वासी भयौ, अब म तिमीलाई धेरै कुराको जिम्मा दिनेछु। तिमी आफ्ना मालिकको खुशीमा सहभागी हो।' २४ "एक सुनको सिक्का पाउनेले पनि आएर भन्यो, 'हजूर, नरोपेको जग्गाबाट कटनी गर्ने र ननिफनेको ठाउँबाट बटुल्ने तपाईं कठोर मानिस हुनुहुन्छ भन्ने मलाई थाहा थियो। २५ यसैले मलाई डर लाग्यो, र गएर तपाईंको सिक्का मैले माटोमुनि लुकाइराखें। हेर्नुहोस्, यो तपाईंको सिक्का लिनुहोस्।' २६ "त्यसका मालिकले त्यसलाई जवाफ दिए, 'ए दुष्ट, अल्छे सेवक, नरोपेको ठाउँमा कटनी गर्छु, र ननिफनेको ठाउँबाट बटुल्छु भनेर तिमीले जानेको थियौ भने, २७ तिमीले मेरो धन साहूकहाँ राख्नुपर्नेथियो, र आएर मैले मेरो धन ब्याजसमेत फिर्ता पाउनेथिएँ। २८ यसकारण त्यसबाट यो सिक्का खोस, र जससँग दश सिक्का छ त्यसलाई**

**देओ। २९ किनभने जससँग छ त्यसलाई अरू दिइनेछ, र त्यससँग प्रशस्त हुनेछ। तर जससँग छैन त्यससँग भएको पनि त्यसबाट खोसिनेछ। ३० त्यस बेकम्मा सेवकलाई चाहिँ बाहिरी अन्धकारमा फालिदेओ, जहाँ मानिसहरू रुनेछन् र दाह्रा किट्नेछन्।' मत्ती २५:१४-३०।**

"तिम्रो सबै दशांस ढुकुटीमा ल्याऊ" (मलाकी ३:१०) भन्ने परमेश्वरको सल्लाह, अर्ति होइन तर आदेश हो। यहाँ दशांस ल्यायो भनेर चर्चले त्यसप्रति आभारित हुनुपर्ने वा उदारताप्रति कदर गर्नुपर्ने आह्वान गरिएको छैन। येशूलाई विश्वास गरेर उहाँको भावनामाभावित भएर इमानसाथ चलेको छ कि छैन भन्ने सरल मामिला हो। "दशांस हाम्रो अधिकारको होइन, यो परमेश्वरको हो, र यो उहाँकै हो भनेर फर्काउन उहाँले हामीलाई निर्देशन दिनुभएको छ।"-एलेन जी ह्वाइट, एजुकेशन, १३८बाट रूपान्तरित। परमेश्वरको निम्ति व्यवस्थित गरेर चल्नु विशेष अवसर हो-र हाम्रो जिम्मेवारी र कर्तव्य पनि हो। उहाँले हामीलाई आशिष दिनुहुन्छ र संभार गर्नुहुन्छ, त्यसको वापतमा हामीबाट केवल दश भागको एक भागमात्र उहाँलाई फर्काउनु भनेर उहाँले भन्नुहुन्छ। ती दशांसहरू सुसमचार प्रचारप्रसारको निम्ति उपलब्ध गराउनुहुन्छ। पौराणिक इस्राएलमा १२ कुलहरूले परिश्रम गरेर दशांसा मन्दिरमा भित्राउनुपर्थ्यो ताकि एक कुल लेबीले मन्दिर संचालन गरेकोमा उसला तलब दिइयोस् (त्यसरी नै एडभेन्टिस्ट चर्चका सबै सदस्यहरूलाई पास्टर हुन अपेक्षा गरिएको छैन तर पास्टर नहुने सदस्यहरूले आफ्नो आयस्रोतबाट ती पास्टर तथा सुसमाचारको निम्ति पूरै समय दिनेलाई दशांस तथा भेटी चर्चको ढुकुटीमा जम्मा गर्नुपर्दछ-अनुवादक)।

**कतिपय एडभेन्टिस्टहरूले नै तिनीहरूले दिएका दशांसलाई चर्चले कसरी प्रयोग गर्छ त्यसप्रति सहमती नभएको कारणले आफूखुशी त्यसलाई प्रयोग गर्ने मनस्थितिमा हुन्छन्। यद्यपि, परमेश्वर आफैंले भन्नुभएको छ, "दशांस मेरो ढुकुटीमा ल्याऊ।" के दशांस उचित तरिकाले प्रयोग गरेको छ कि छैन भनेर मूल्याङ्कन गरेरमात्र दिनु भन्ने परमेश्वरको आदेश छ त?**

**उपसंहार:**

**थप जानकारी: एलेन जी ह्वाइटले देहायका आफ्ना पुस्तकहरूमा दशांसको बारेमा अत्यन्तै राम्रोसँग व्याख्या गरेर लेख्नुभएको छ: *टेस्टिमोनिज फर द चर्च*, ठेली ९को पृ. २४५-२५२ र *काउन्सिलस अन स्टुवार्डशिप*को अध्ययन भाग ३को पृ. ६५-१०७।**

"**(बप्तिस्मा दिनेबेलामा बाचा गरेको अनुसार) विश्वासी**हरूले उपहार र भेटीहरूसमेत सबै दशांस पवित्र कामको निम्ति चर्चको ढुकुटीमा भित्राइयो भने त्यसमा आएको आशिषमा परमेश्वरले दश भाग बढि थप्नुहुनेछ। यसरी परमेश्वर र मानिसको बीचमा सम्पर्क खुला गरिराखिनेछ।" -एलेन जी ह्वाइट, टेस्टिमोनिज फर द चर्च, ठेली ४, पृ. ४७३ बाट रूपान्तरित। यो अचम्मको उद्‌गार हो। यदि हामी सबै जना इमान्दारी र विश्वासीसाथ दशांस दिन्छौँ भने चर्चको कोषमा थुप्रिएको भेटीहरू एक हजार प्रतिशतले बढ्‌नेछ रे !

"परमेश्वरले मानिससँग गर्नुभएको सम्झौता मलाकीको तेस्रो अध्यायमा उल्लेख गरेको छ । निष्ठापूर्वक दशांस र भेटी चढाउनेहरूलाई परमेश्वरले ठूलो आशिषहरू खन्याउनुहुनेछ भनेर यहाँ उहाँले विशेष प्रतिज्ञा गर्नुभएको छ ।" -एलेन जी ह्वाइट, *रिभ्यु एण्ड हेराल्ड*, डिसेम्बर १७,१९०१बाट रूपान्तरित।

"दशांस र भेटीहरूमा परमेश्वरले हामीसँग दावी गर्नुभएको मामिलामुनि अरू सबै दावीहरू समेतिएको छ भन्ने सत्यतालाई हामी सबैले बुझ्नु र सम्झिनुपर्दछ। उहाँले हामीलाई प्रसस्तमात्रामा दिनुहुन्छ। परमेश्वरले मानिससँग गर्नुभएको सम्झौतामा उससँग भएको सम्पत्तिको दश भागको एक भाग उहाँलाई फर्काउनुपर्ने उल्लेख गरिएको छ। परमेश्वर सदाशयी भएर उहाँका भण्डारेहरूलाई उहाँको ढुकुटीमा जम्मा भएका खजानाहरू सम्हाल्ने जिम्मा दिनुभएको छ। तर दशांसको मामिलामा उहाँले भन्नेभएको छ कि यो मेरो हो। परमेश्वरले मानिसलाई सुम्पनु भएको सम्पत्तिको अनुपातमा उसँग भएको सबै थोकको दशांस विश्वाससाथ फर्काउनुपर्दछ । यो बिषेश व्यवस्थापन येशू ख्रीष्ट आफैले गर्नुभएको थियो।" -एलेन जी ह्वाइट, टेस्टिमोनिज फर द चर्च, ठेली ६, पृ. ३८४ बाट रूपान्तरित।

**चिन्तनमननः**

अ. दशांस दिने चलन पौराणिक इस्राएल वा इस्राएल जाति खडा हुनुभएको समयदेखि सुरुभएको थिएन भन्ने कुरालाई चिन्तन गर्नुहोस्। यो तथ्यले परमेश्वरप्रति हाम्रो जिम्मेवारीको निरन्तरतालाई कसरी बुझ्ने?

आ. यदि सबै सेभेन्थ-डे एडभेन्टिस्टहरूले चर्चका अगुवाहरूको गतिविधिप्रति सहमत नभएकोले आआफ्ना दशांस र भेटी अन्तै पठायो भनेर चर्चलाई के हुन्थ्यो होला? के चर्च वा मिशनको अस्तित्व अझै होला? अरूहरूको दाँजोमा मेरो दशांस थोरै छ, यसलाई जहाँ प्रयोग गरेपनि हुन्छ त्यसको केही मतलब हुँदैन भन्ने सोचाइ सबैले गऱ्यो भने के होला?

इ. तपाईंले दशांस दिंदा परमेश्वरले तपाईंलाई कसरी आशिष दिनुभएको थियो सोबाट तपाईंले के सिक्नुभयो सो सोच्नुहोस्। यसबाट दशांसको बारेमा अरूहरूलाई कसरी सिकाउन सक्नुहुन्छ?

## कथा ३

# मलावीमा साबथलाई सम्मान गर्ने वा नगर्ने दोधारमा



मलावीको सार्वजनिक कलेजहरूले साबथमा अन्तिम परीक्षा दिनुपर्ने हुँदा सेभेन्थ-डे एडभेन्टिस्ट विद्यार्थीहरू ठूलो मर्कामा पर्दथे।

साबथमा परीक्षा दिनुपर्दा लुसी अत्यन्तै बिचलित भइन्। उनी र अरू सेभेन्थ-डे एडभेन्टिस्ट विद्यार्थीहरूले सरकारी कारुँगा टिचर्स ट्रेनिङ्गमा अध्ययन गर्न छात्रबृत्ति पाएका थिए। तर परीक्षा शनिबारमा पर्दा तिनीहरूको भविष्य नै अनिश्चित भएको थियो।

त्यस समस्याको बारेमा छलफल गर्न एडभेन्टिस्ट विद्यार्थीहरू जम्मा भए। यो सन २००६को कुरो हो। मलावीमा खाद्य सामग्रीको अभावमा सरकारले सरमारी शिक्षण संस्थाहरूका परिसरमा विद्यार्थीहरू रहने दिनहरू घटाउनु भनेर आदेश दिइएको थियो। त्यसैको फलस्वरूप लुसीको कलेजले सोमबार र मङ्गलबारमा दिनुपर्ने परीक्षा शनिबारमा सारेको थियो।

एडभेन्टिस्ट विद्यार्थीहरूले कलेजमा गएर परीक्षाको मिती सार्न अनुरोध गर्ने भनेर निर्णय गरे। धेरै जना मिलेर कलेजको निर्देशककहाँ गएर सो अनुरोध गरे। तिनीहरूको अनुरोधलाई कलेजले अस्वीकार गऱ्यो। अझ परिस्थिति जटिल बनाउन अरू विघार्थीहरूले तिनीहरूको आस्थाप्रति खिसी गर्न थाले।

अरू एडभेन्टिस्ट विद्यार्थीहरूले कलेजको दवावमा परेर शनिबार परीक्षा दिने निर्णय गरेकोले लुसीलाई दुःख लागेको थियो। तर उनी र अरू तीन जना साथीहरू शनिबार परीक्षा नदिने निर्णय गरेका थिए। तिनीहरूले साबथको प्रभुलाई सम्मान गर्ने निधो गरेका थिए। तिनीहरूले प्रार्थना गरे र दोस्रो पल्ट निर्देशकको अफिसमा अनुरोध गर्न गए।

निर्देशकको कार्यालयमा आफूलाई गिल्ला र बेइज्जत गरेको महसुस गरिन्। सरकारले उनलाई छात्रवृत्ति दिएकोले त्यस कलेजमा पढ्नु उनको अवसर हो भनेर उनलाई निर्देशकले सुनाए। लुसीको श्रीमानको मृत्युभएपछि उनका छोराछोरीहरूलाई उनैले हुर्काउनु परेको थियो। तिनीहरूको निम्ति

भएपनि शनिबार परीक्षा दिएर तार्नु भनेर निर्देशकले बताए। तर आफू बेइज्जत भएपनि आफ्नो निर्णय परिवर्तन नगर्ने भनेर उनले निधो गरेकी थिइन्। यस मामिलामा परमेश्वरले नै सहयोग गर्नुहुनेछ भनेर उनले विश्वास गर्न पुगिन्।

दोस्रो अनुरोध अस्वीकार गरेपछि लुसी र उनका तीन साथीहरू प्रार्थना गर्न थाले। तिनीहरूले पास्टरसँग पनि प्रार्थना गर्न अनुरोध गरे। पास्टरले मलावीको एडभेन्टिस्ट चर्चको अध्यक्षसँग कुरा गरे। उनले एडभेन्टिस्टहरूको निम्ति मलावीभरि साबथमा परीक्षा नपार्न सरकारसँग अनुरोध गर्न सक्दथे।

तब अचानक, कलेजले साबथमा परीक्षा लिने तालिका फिर्ता लियो र पहिलैकै तालिकामा जाँच दिनुपर्ने सूचना निकाल्यो। अचानक परिवर्तनले क्याम्पसमा अन्यौलता आएको थियो। तर सबै विद्यार्थी र शिक्षकहरूलाई एउटा कुरो थाहा थियोः विश्वासमा अडिग रहेका चार जना एड'भेन्टिस्ट विद्यार्थीहरूको प्रार्थना परमेश्वरले प्रभावकारी ढङ्गमा जवाफ दिनुभएको थियो। "परमेश्वरले हस्तक्षेप गर्नुभयो। आफ्ना जनहरूलाई उहाँले कहिल्यै पनि नत्यागने भनेर उहाँले प्रतिज्ञा गर्नुभएको छ,' भनेर खुशी हुँदै लुसी न्याइरेन्डाले सुनाइन्। कलेजका परीक्षाहरूमा पास भएर अहिले उनी शिक्षिका छिन्।

व्यवस्था ३१:१६मा परमेश्वरले गर्नुभएको प्रतिज्ञालाई उनले धेरै मन पराउँछिन्। त्यसमा लेखिएको छ, "बलिया र साहसी होओ! यिनीहरूसित नडराओ र त्रासित नहोओ! किनभने परमप्रभु तिमीहरूका परमेश्वर नै तिमीहरूसँग जानुहुन्छ। उहाँले तिमीहरूलाई कहिल्यै छोड्नुहुनेछैन न त त्यागनुहुनेछ।" व्यवस्था ३१:६।

**- शेरोन न्ड्हलोभु**